स्थानीय सरकार
Local Government

# पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality

# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८३/०८४
च.नं. १५५

मिति२०८३/४/२१

श्री पथरी शनिश्चरे नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका

सबै सहकारी संस्थाहरु,पथरी ,मोरङ ।

**विषयःलेखापरीक्षण र साधारण सभा सम्पन्न गरी विवरण पठाउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको नियमनक्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुले आ-आफ्नो सहकारी संस्थाको लेखापरीक्षण ऐनको दफा ५६(१) मा व्यवस्था भएको लेखापरीक्षकद्धारा आ.व. समाप्त भएको तीन महिना (असोज मसान्त)भित्र लेखापरीक्षण गराइसक्नुपर्ने र संस्थाको वार्षिक साधारण सभा ऐनको दफा २९को उपदफा(२)बमोजिम आ.व.समाप्त भएको मितिले छ महिना(पुस मसान्त) भित्रमा सम्पन्न गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको विदितै हुनुपर्दछ। सोही व्यवस्था अनुसार लेखापरीक्षण र साधारण सभा सम्पन्न गरी साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन सक्कलै१प्रति,साधारण सभाको प्रमाणित प्रतिलिपी र ऐनको दफा ५३ बमोजिमका विवरणहरु अनिवार्य रुपमा पथरी शनिश्चरे नगरपालिका कार्यालयमा बुझाउनु हुन अनुरोध छ। सो समय भित्र विवरण पेश नगर्ने संस्थाहरुलाई कानुन बमोजिमको कारवाही हुने व्यहोरा समेत यसै पत्रद्धारा जानकारी गराइन्छ ।

बोधार्थ

**श्री १० वटै वडाका वडाध्यक्षज्यूहरुः आ- आफनो वडामा रहेका सहकारी संस्थाहरुसँग आवश्यक समन्वय गरी सहयोग गरिदिनु हुन ।**

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत